"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनकुटा
१ नं. प्रदेश, नेपाल

पत्र संख्या २०७५/७६
चलानी नं. ८६

मिति: २०७५/४/४

*विषय :: सुचना प्रशारण गरिदिने बारे ।*

श्री मकालु एफ.एम./धनकुटा एफ.एम/लालिगुराँस एफ.एम.
धनकुटा ।

प्रस्तुत बिषयमा धनकुटा नगरपालिकाको बहालकर सम्वन्धि देहायको सुचुना तहाँ स्टेशन बाट दैनिक १०(दश) पटकका दरले २०७५ भाद्र मसान्त सम्म प्रशारण गर्ने ब्यवस्था मिलाईदिनु हुन अनुरोध छ ।

..........................
(डम्बर रोगु)
प्रशासकिय अधिकृत

**सुचना ! सुचना !! सुचना !!!**

धनकुटा गरपालिकाले २०७५ साल श्रावण १ गते देखि घर बहाल कर लागु गरेकोले आफ्नो घर संरचना बहालमा दिनु/लिनु हुने बहाल धनी वा बहालवाला ब्यक्ति तथा संस्था वा सरकारी कार्यालयहरुले आफुले बहालमा दिए/लिएको बिवरण धनकुटा नगरकार्यपालिकाको कार्यालयमा तोकिएको बिवरण फाराम भरी यही २०७५ भाद्र मसान्त सम्ममा धनकुटा नगर कार्यपालिकाको कार्यालय, राजश्व शाखामा बुझाउन अनुराध छ ।

**बिवरण साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१.बहालमा दिने र बहालमा बस्नेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संघसंस्थाले लिएको सस्थागत बहाल भएमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रती
२.तोकिएको ढाँचाको घरबहाल सम्झौताको प्रमाणपत्र १ प्रती
३. बहालमा लिईएको घर संरचना रहेको जग्गाको धनीपुर्जाको प्रतिलिपी १ प्रती
४.बहालवाला ब्यवसायी भएमा ब्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रती
५.बहालबाला सरकारी कार्यालय भएमा कार्यालयको पत्र

नोटः उल्लेखित बिवरण फाराम र निर्धारित ढाँचाको बहाल सम्झौता पत्र धनकुटा नगरकार्यापालिकाको कार्यालय, धनकुटाको राजश्व शाखाबाट कार्यालय समयमा उपलब्ध गराईने छ ।थप जानकारीका लागि धनकुटा नगरपालिकाको वेव साईट www.dhankutamun.gov.np मा हेर्नु होला ।